संघीय संसद
प्रतिनिधि सभा
आठौं अधिवेशन
बैठक संख्या - ४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल साउन १२ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरूले समसामयिक विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अन्जना विशंखे
२. मा० श्री अतहर कमाल मुसलमान
३. मा० श्री अभिषेक प्रताप शाह
४. मा० श्री अमृता देवी अग्रहरी
५. मा० श्री आशा कुमारी वि.क.
६. मा० श्री ईन्दु कुमारी शर्मा
७. मा० श्री उमा रेग्मी
८. मा० श्री कृष्णप्रसाद दाहाल
९. मा० श्री कृष्णबहादुर राई
१०. मा० श्री कृष्णभक्त पोखेल
११. मा० श्री खगराज अधिकारी
१२. मा० श्री खेम प्रसाद लोहनी
१३. मा० श्री गगन कुमार थापा
१४. मा० श्री गजेन्द्र बहादुर महत
१५. मा० श्री गोपाल बहादुर बम
१६. मा० श्री गंगा चौधरी (सत्गौवा)
१७. मा० श्री घनश्याम खतिवडा
१८. मा० श्री चाँदतारा कुमारी
१९. मा० श्री चुडामणि खड्का
२०. मा० श्री जयकुमार राई
२१. मा० श्री झपटबहादुर रावल
२२. मा० श्री अमृता थापा

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरूले भाग लिनुभयो :-

१. मा० श्री पदम गिरी
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
४. मा० श्री प्रमोद साह
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री लालबाबु पण्डित
७. मा० श्री पुष्पा भुसाल (गौतम)
८. मा० श्री हरिराज अधिकारी
९. मा० श्री सुरेन्द्र कुमार यादव
१०. मा० श्री विद्या भट्टराई
११. मा० श्री देवप्रसाद तिमलसेना
१२. मा० श्री केदार प्रसाद सिग्देल
१३. मा० डा० डिला सँग्रौला (पंत)

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति २०७८/३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी सम्माननीय प्रधानमन्त्रीज्यूसँगै रहने गरी माननीय श्री उमेश श्रेष्ठज्यूलाई राज्यमन्त्री पदमा नियुक्त गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्यभार तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।
>
> (तोयनारायण ज्ञवाली)
> सचिव
>
> मिति : २०७८/४/१०

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीले “निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०७६/०७७” पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य बिष्णु बहादुर तामाङ (बिएल वाइवा) को निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक तत्कालिन संयुक्त जनमोर्चा नेपालबाट २०४८ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा सिराहा जिल्ला क्षेत्र नं. ५ बाट निर्वाचित सदस्य, हाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता बिष्णु बहादुर तामाङ (बिएल वाइवा) को ७५ वर्षको उमेरमा मिति २०७८ साल जेठ २० गते बिहीबार बेलुका झापास्थित आम्दा अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले दिवंगत पूर्व सदस्य बिष्णु बहादुर तामाङ (बिएल वाइवा) को निधनप्रति शोक प्रकट गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७८ साल साउन १५ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी दिनको २:४५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव